नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १०० २०७७ साल कात्तिक २८ गते शुक्रबार (13 Nov. 2020 Friday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : रासायनिक मल कारखाना ... ३ पृष्ठमा : ढल्केबर सबस्टेशन निर्माण.. ३ पृष्ठमा : भारतमा कोरोना संक्रमित...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वत: बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# नक्कली नोट छाप्ने मेशिन र पाँच लाख ८४ हजारसहित तीन पक्राउ


**दैनिक समाचारदाता**
**सिरहा, २७ कात्तिक ।**



सिरहाको गोलबजारबाट सशस्त्र प्रहरीले नक्कली नोट छाप्ने मेशिनसहित तीन जनालाई बिहीबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सोही नगरपालिका वडा नं. १२ बस्ने बर्ष २५ वर्षिय धिरज यादब, संजय राय र कल्याणपुर नगरपालिका वडा नं. ७ बस्ने बर्ष १४ का विमलेन्द्र कुमार नायक छन् ।

गोलबजारमा रहेको सशस्त्र प्रहरी सुरक्षा वेशले वडा नं. ६ स्थित विरेन्द्र महतोको घरमा विगत केही दिनदेखि शंकास्पद गतिविधि बढन् थालेको गोप्य सूचनाको आधारमा घर खानतलासी गर्दा ५ लाख ८४ हजार जाली नोट र उक्त नोट छाप्ने मेशिन, एक ल्यापटप र मोटर साईकल सहित पक्राउ गरेको हो ।



लागूऔषध कारोवारी हुन सक्ने आशंकाका साथ वेश क्यापका ईन्चार्ज सशस्त्र प्रहरी निरीक्षक रोशन थापाको नेतृत्वमा खानतलासी गर्दा एक हजार दरका १ सय ४ तयारी जाली नोट र छ सय ८० जाली नोट ए फोर साईजको कागजमा छपाई गरी कटिङ्गका लागि तयारी हालतमा राखिएको अवस्थामा फेला पारेको हो ।

वरामद जाली नोट, नोट छाप्ने मेशिन र उक्त कार्यमा संलग्न तीन जनालाई कानूनी प्रक्रिया पुरा गर्न र थप अनुसन्धानका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको छ ।

**मंगलमय शुभकामना**

शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासीहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




**मिलन डेरी उद्योग**
**राजविराज**

## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।


खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।


जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।


पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## सम्पादकीय ....

### विद्युत चोरीको समस्या यथावत्, निकाय निरिह

नेपाल विद्युत प्राधिरकणले बढ्दो विद्युत चोरी नियन्त्रण अभियानलाई तिव्रता दिएपनि विद्युत हुकिङ्ग गरि चोरी गर्ने कार्य भने यथावतै रहेको छ । विद्युत प्राधिकरणले आम सर्वसाधारणहरुले विद्युत हुकिङ्ग गरेको आरोप जिल्लाको विभिन्न स्थानहरुबाट पक्राउ गरी कार्वाही पनि गर्दै आएको छ ।

यता स्थानीयवासीहरुले मिटरको लागि आवेदन दिए पनि समयमा मिटर नपाएको गुनासो गर्दै यस्तो अवस्थामा बाध्य भई चोरी गरेर भएपनि बत्ति बाल्न बाध्य छन् । समयमा मिटर बितरण तर्फ प्राधिकरणले आफ्नो ध्यान दिनु पनि उत्तिकै आवश्यक छ ।

तसर्थ कानुन भन्दा माथी कोही नहुनाले प्राधिकरणले आफ्नो कमिकमजोरीलाई समेत सच्याउँदै अघि बढ्नु अनि कसैले बिद्युत चोरी गर्छ भने उसलाई कार्वाही गर्न सकेमात्र सकारात्मक कदम भन्न सकिन्छ । यस बारेमा सम्बन्धित निकायले तुरुन्त ध्यान पुऱ्याउनु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# रासायनिक मल कारखाना स्थापनाबारे अध्ययन समिति गठित

काठमाडौँ, २७ कात्तिक (रासस) ।

सरकारले रासायनिक मल कारखाना स्थापना गर्नेसम्बन्धमा तीन सदस्यीय प्रारम्भिक अध्ययन समिति गठन गर्ने निर्णय गरेको छ । अर्थमन्त्री विष्णुप्रसाद पौडेलको नेतृत्वमा गठित समितिमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट र कृषि तथा पशुपन्छी विकासमन्त्री घनश्याम भुसाल रहनुभएको छ । मन्त्रिपरिषद् बैठकले 'जिटुजी' प्रतिस्पर्धाबाट मल आपूर्ति गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय पनि गरेको छ ।

नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा सरकारका सबै मन्त्री र राज्यमन्त्रीको कात्तिकदेखि चैतसम्मको ५० प्रतिशत मासिक पारिश्रमिकबापतको रकम जम्मा गर्ने निर्णय भएको छ । यसअघि नै प्रधानमन्त्री केपी शर्मा ओलीले सम्पूर्ण पारिश्रमिक कोषमा जम्मा गरिसक्नुभएको छ ।

मन्त्रिपरिषद्को यही कात्तिक २० र २४ गतेको निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता पार्वत गुरुङले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नेसम्बन्धी मापदण्ड, २०७७ स्वीकृत गरिएको जानकारी दिनुभयो । किजापूजाका अवसरमा आगामी मङ्गलबार देशभरका सबै सरकारी निकाय, सङ्घसंस्था, शिक्षण संस्थासमेतमा सार्वजनिक बिदा दिने निर्णय भएको छ ।

अङ्ग प्रत्यारोपण समन्वय समितिका अध्यक्षमा त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जका डीन प्रा डा दिव्या सिंह र सदस्यमा प्रा डा प्रेमराज ज्ञवाली, पलेस्वाँ जोशी लाखे र प्रा डा शंकरमान राईलाई नियुक्त गरिएको मन्त्री गुरुङले जानकारी दिनुभयो । उहाँहरुको पदावधि दुई वर्षको हुनेछ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रस्तावमा कोरोना भाइरसविरुद्ध प्रयोग हुने खोप नेपालमा उपयोग गर्न खोपसम्बन्धी प्रस्ताव तथा कार्ययोजना स्वीकृत गर्ने निर्णय गरिएको छ । भक्तपुर क्यान्सर अस्पताल विकास समिति(गठन) आदेश २०७७ स्वीकृत भएको छ । कोरोना भाइरसको सङ्क्रमणको उपचारबापत अस्पताललाई अनुदान उपलब्ध गराउनेसम्बन्धी( तेस्रो संशोधन) आदेश, २०७७ स्वीकृत गरिएको पनि उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "त्यसैका आधारमा सरकारी अस्पतालमा निःशुल्क परीक्षण र उपचार गर्न लागिएको हो । "

सरकारले निवृत्त राष्ट्रसेवकलाई निवृत्तभरणबापत भुक्तानी भएको रकममा एक प्रतिशत सेवा शुल्क खारेज गर्ने निर्णय गरेको छ । अध्ययन वा रोजगारीका क्रममा विदेशमा रहेका र कोभिडका कारण फर्किएका वा देशभित्रै बेरोजगार युवाको स्थानीय तहका रोजगार संयोजकमार्फत तथ्याङ्क सङ्कलन गर्ने निर्णय भएको मन्त्री गुरुङले बताउनुभयो । ती नागरिकलाई लक्ष्य गरी रोजगारी र स्वरोजगारीका कार्यक्रमसहित कार्ययोजना सम्बन्धित मन्त्रालयसँगको परामर्शमा तयार गरी कार्यन्वयन गर्ने निर्णय भएको छ ।

सरकारले सङ्क्रमण रोकथामका लागि अन्तरराष्ट्रिय सिमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेशविन्दु र खुला सिमानाबाट हुने आगमन आगामी मङ्सिर ३० गतेसम्मका लागि स्थग गरेको छ । यसअघि भएको निर्णयानुसार कात्तिक ३० सम्म रहेको सो नियम अर्को एक महिनासम्म लागू गराउने निर्णय भएको छ ।

त्यस्तै मन्त्रिपरिषद्को कात्तिक २० गतेको निर्णयानुसार सबै सङ्घीय र प्रदेश कार्यालयमा विद्युतीय सरकारी लेखा प्रणाली र सङ्घ र प्रदेशका सबै कार्यालय तथा स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गर्ने निर्णय भएको मन्त्री गुरुङले बताउनुभयो । नेपालको चिया निर्यात अभिवृद्धिमा दिगोपना आयोजनाका लागि संयुक्त राष्ट्रसङ्घसम्बद्ध 'इन्हान्स इन्टिग्रेटेड फ्रेमवर्क' बाट प्राप्त हुने अमेरिकी डलर १४ लाख ८५ हजार स्वीकार गर्ने निर्णय भएको छ ।

ऊर्जा मन्त्रालयको प्रस्तावमा धरान २२०/३३ केभी सबस्टेशन निर्माण आयोजनाअन्तर्गत सबस्टेशन निर्माण गर्न र मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाका लागि जग्गा प्राप्ति गर्ने तथा प्रारम्भिक कारवाही गर्ने अधिकारी सहायक प्रशासकीय अधिकृत अच्युतप्रसाद लामिछाने र सुरेन्द्र शर्मालाई तोक्ने निर्णय भएको छ ।

गृह मन्त्रालयको प्रस्तावमा बलात्कारपछि हत्या गरिएका सम्झना कामीको परिवारलाई रु तीन लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय भएको छ । रक्षा मन्त्रालयको प्रस्तावमा राष्ट्रिय सेवा दलका कार्यकारी महानिर्देशक रघु भण्डारीलाई यही कात्तिक १३ गतेदेखि लागू हुने गरी दुई वर्षका लागि नियुक्ति गर्ने भएको छ । नेपाली सेनाका प्रमुख सेनानी मनोज थापासमेत पाँच प्रमुख सेनानीको बढुवा गरी पदस्थापना तथा महासेनानी मोहन क्षेत्रीसमेत पाँच महासेनानीको सरुवा गर्ने निर्णय गरिएको छ ।

वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा मेचीमहाकाली विद्युतीय रेलमार्गका लागि रौतटहको वन क्षेत्रमा पर्ने २५ दशमलव ७३ हेक्टर जग्गा र सेती राजमार्गका लागि कैलाली जिल्लाको २३३ दशमलव ५४ हेक्टर जग्गा प्रयोग गर्न दिने निर्णय गरिएको छ ।

राष्ट्रिय सूचना आयोगको सङ्गठन संरचना र दरबन्दी तथा स्वास्थ्य बीमा बोर्डका लागि अधिकृत तहको ३४ अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता गुरुङले जानकारी दिनुभयो । सरकारले प्रमुख नाका र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलसमेत गरी १३ स्थानमा स्वास्थ्य सहायता कक्ष स्थापना गर्न १७ जनाको अस्थायी दरबन्दी स्वीकृत गर्नेसमेत निर्णय गरेको छ ।

# नेपालकै दोस्रो ठूलो पेट्रोलियम भण्डारण गृहको शिलान्यास

काठमाडौँ, २७ कात्तिक (रासस) ।

सबै प्रदेशमा कम्तीमा ९० दिनका लागि इन्धन भण्डारण क्षमता विस्तार गर्ने सरकारको नीतिअनुसार नेपाल आयल निगमले गण्डकी प्रदेशको पोखरामा नेपालकै दोस्रो ठूलो भण्डारण गृह निर्माणको काम शुरु गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले पोखरा महानगरपालिका वडा नं २९ र ३० गगनगौँडास्थित निगमको प्रादेशिक कार्यालय परिसरमा अमलेखगञ्जपछिको दोस्रो ठूलो भण्डारण गृहको बिहीबार शिलान्यास गर्नुभयो ।

सरकारले लिएको पेट्रोलियम भण्डारण क्षमता अभिवृद्धिको लक्ष्यलाई पूरा गर्न निगमले गण्डकी प्रादेशिक कार्यालयबाट भण्डारण क्षमता विस्तारको शुरुआत गरेको हो । निगमको गण्डकी प्रदेशअन्तर्गत आफ्नै स्वामित्वको जग्गामा एक करोड़ लिटर क्षमताको अत्याधुनिक डिपोको निर्माण शुरु गरिएको छ । ठेक्का प्रक्रिया टुङ्गिएको र साइट क्लियरिङ समेत भइसकेकाले डिपो निर्माणले तीव्रता पाउने निगमका कार्यकारी निर्देशक सुरेन्द्र पौडेलले जानकारी दिनुभयो । रु ७७ करोड ७७ लाख (भूल्य अभिवृद्धि करबाहेक) को लगानीमा समानान्तर-रेलिगेयर-भारत ट्याङ्क्स जेभीले परियोजना निर्माणको ठेक्का लिएको छ ।

"हरेक प्रदेशमा ९० दिनका लागि इन्धन भण्डारण क्षमताको डिपो निर्माण गर्ने निगमको घोषित नीतिअनुसार पहिलो परियोजनाको रुपमा गण्डकी प्रादेशिक डिपोको क्षमता अभिवृद्धि शुरु गरेका हौँ", उहाँले भन्नुभयो, "यो शुरुआत्लाई हामीले १९ वर्षपछिको निरन्तरताको रुपमा समेत हेरेका छौँ ।" २०५८ सालपछि निगमले भण्डारण क्षमता विस्तार गर्न सकेको थिएन । यो योजना २०५८ सालपछि निगमको आफ्नै लगानीमा भएको पहिलो योजनासमेत हो । गण्डकी प्रादेशिक डिपोको भण्डारण अमता विस्तारले प्रदेशमा पेट्रोलियम पदार्थको बिक्री वितरणलाई सुदृढ बनाउन कोशेढुङ्गा सावित हुने कार्यकारी निर्देशक पौडेलको विश्वास छ । निगमले चितवनको लोथरमा बन्ने ब्लक भण्डारण गृहको सप्लाइ चेनको रुपमा समेत यो डिपोलाई लिएको छ ।

उहाँले प्रदेशको हालको दैनिक खपत र भण्डारण अवस्था तुलना गर्दा पेट्रोलियमको आपूर्तिमा कनै कारणले अबरोध भए प्रदेशमा डिजेलको माग ७ दिन र पेट्रोलको माग २ दिन मात्रै धान्न सक्ने र नयाँ भण्डारण परियोजना सञ्चालनमा आएपछि प्रदेशमा ३० दिनको डिजेल र १२ दिनको पेट्रोलको माग धान्ने प्रक्षेपण गरिएको बताउनुभयो । गगनगौँडाको ७७ रोपनी जमिनलाई नै व्यवस्थापन गरेर डिपो निर्माण गर्न लागेकाले यसले निगमको रु दुई अर्ब खर्च बचत भएको उहाँको भनाइ छ ।

अहिलेको डिपो निर्माण गर्न इन्जिनियरिङ अध्ययन संस्थान कन्सल्टेन्सी सेवा पुल्चोकले प्राविधिक अध्ययन गरेको हो । भण्डारण गृहको निर्माणका लागि सार्वजनिक खरिद ऐनको प्रावधानअनुसार ठेक्का प्रक्रिया सम्पन्न भइसकेको छ । परियोजनाअन्तर्गत हालको डिपो हातामा ५० लाख लिटर क्षमताका दुईवटा ठूला डिजेल भण्डारण टयाङ्क, एउटा नयाँ पहुँच सड़क, दुई लाख लिटर क्षमताको पानी भण्डारण टयाङ्क, डिपोको चमेना गृह, चालक तथा सुरक्षाकर्मी बस्नका लागि पनि नयाँ संरचना निर्माण गरिनेछ ।

इन्धन भण्डारण ट्याङ्क र यसमा जडान हुने संरचना जर्मन प्रविधिमा आधारित पूर्ण अटोमेटेड हुने निगमका कार्यकारी निर्देशक पौडेलले बताउनुभयो । डिजेल लोड तथा अनलोड सुविधा पूर्णरूपमा स्वचालित र हाइटेक आधारित हुनेछन् । डिपोको भण्डारण क्षेत्रमा अग्नि सुरक्षाका लागि विशेष प्रविधि र सावधानीको कार्य पनि परियोजनाकै सिलसिलामा तयार गरिने छ ।

नयाँ भण्डारण गृहमा २० हजार लिटर क्षमताका ३२ देखि ४० ट्याङ्करले दैनिक डिजेल अनलोड गर्न सक्नेछन् । ट्याङ्कर अनलोडका लागि प्रतिघण्टा १२० किलोलिटर क्षमताका पाँचवटा पम्प जडान गरिनेछ । चारवटा नयाँ 'वे' पनि सञ्चालन हुनेछन् । भण्डारण गृहको तापमान, इन्धन चुहावट, आगलागीलगायतको दुर्घटना पहिचान गर्न विशेष प्रविधि डिपोमा जडान हुनेछ ।

आपतकालीन अवस्था आएको खण्डमा एकै स्वीचमा सबै प्रणाली बन्द गर्न सकिने एकीकृत रिमोट कन्ट्रोल प्रविधि डिपोमा हुनेछ । कुनै पनि कारणबाट डिपोमा आगो लागेको खण्डमा करिब दुई घण्टासम्म निरन्तर आगो नियन्त्रण गर्ने क्षमताको पूर्वाधार डिपोमा हुनेछ । कूल ७० प्रतिशत पानी र ३० प्रतिशत फोमयुक्त अग्नि नियन्त्रण उपकरण त्यसका लागि प्रयोग हुने निगमले जनाएको छ । परियोजना सम्पन्न भएपछि काठमाडौँको 'ब्याकअप'को रुपमा पनि पोखरा डिपोले काम गर्नेछ भने गण्डकी प्रदेशमा पेट्रोलियम वितरणको संरचनासमेत ठूलो सुधार अपेक्षा गरिएको कार्यकारी निर्देशक पौडेलले बताउनुभयो । परियोजना निर्माणमा भोलिदेखि दैनिक १५० कामदार खटिने पनि उहाँले जानकारी दिनुभयो ।

# ढल्केबर सबस्टेशन निर्माण सम्पन्न, १२०० मेगावाट विद्युत् आदानप्रदान गर्न सकिने

काठमाडौँ, २७ कात्तिक (रासस) । निर्माण व्यवसायीको लापरवाही, कोरोना भाइरसको सङ्क्रमणलगायत कारणले समस्यामा परेको मुलुकको सबैभन्दा ठूलो सबस्टेशन ढल्केबर सबस्टेशन पूर्णरूपमा निर्माण सम्पन्न भएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार कूल ४०० केभी क्षमताको सो सबस्टेशन बुधबार रातिदेखि पूर्ण रूपमा चार्ज भई सञ्चालनमा आएको हो । प्राधिकरणले प्राविधिक भाषामा त्यसलाई फूल लोडमा चार्ज भएको जनाएको छ ।

आयोजनाका प्रमुख शुक्र देवकोटाका अनुसार लामो प्रतिक्षापछि आयोजना सम्पन्न भएको छ । आयोजना सम्पन्न भएपछि नेपाल र भारत दुवै तर्फबाट एक हजार २०० मेगावाट विद्युत् आदान प्रदानका लागि मार्ग प्रशस्त भएको छ । कूल ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशीको विद्युत्समेत सोही सबस्टेशनमा जोडेर पूर्व-पश्चिम प्रवाह गरिनेछ ।

उक्त सबस्टेशन विसं २०७२ माघमा पहिलो पटक १३२ केभीमा चार्ज भएको थियो । त्यसपछि भारतबाट कूल ८० मेगावाट विद्युत् आयात भएको थियो । यस्तै, २०७४ सालमा उक्त सबस्टेशन २२० केभीमा चार्ज गरिएको थियो । नेपाल भारत अन्तरदेशीय प्रसारण लाइनको रूपमा ढल्केबर- मुजफ्फरपुर प्रसारण लाइनसमेत ४०० केभी क्षमताको भएकाले विद्युत् आदान प्रदानका लागि महामार्गसमेत निर्माण भइसकेको छ ।

प्राधिकरणका अनुसार ढल्केबर सबस्टेशन अब १३२, २२० र ४०० क्षमतामा नै सञ्चालन गर्न सकिनेछ । यस्तै पूर्व-पश्चिम जहाँ जति मात्रामा विद्युत् आवश्यक पर्दछ प्रवाह गर्न सकिनेछ । चालु आर्थिक वर्षमा नै माथिल्लो तामाकोशीलगायत आयोजना निर्माण सम्पन्न हुने भएकाले वर्षाको समयमा खेर जाने विद्युत् भारत पठाउनसमेत मार्ग प्रशस्त भएको छ ।

सो सबस्टेशन नेपाली लगानी तथा नेपाली प्रविधिमा निर्माण सम्पन्न भएको प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो । चिनियाँ ठेकेदार कम्पनी सेन्ट्रल चाइना पावर ग्रिड कम्पनीले तोकिएको समयमा पूरा नगरेपछि प्राधिकरणले ठेक्का तोडेको थियो । आयोजनाको परामर्शको काम प्राधिकरणको सहायक कम्पनी एनइए इन्जिनियरिङ कम्पनीले गरेको हो ।

गत वैशाख अन्तिम साता नै सो सबस्टेशन निर्माण सम्पन्न हुने अवस्थामा पुगे पनि कोरोना भाइरसको जोखिमका कारण रसुवागढी भन्सार नाकामा आइपुगेको सामान आयोजना स्थल पुऱ्याउन सकिएको थिएन । पूर्वकार्यकारी निर्देशक घिसिङले देशकै सबैभन्दा ठूलो सबस्टेशन निर्माण सम्पन्न भएकामा प्रसन्नता व्यक्त गर्दै नेपालका लागि असाध्यै ठूलो महत्वपूर्ण उपलब्ध भएको बताउनुभयो ।

विसं २०७५ सालदेखि निर्माण शुरु भएको सो सबस्टेशन आफू प्राधिकरणमा रहँदा नै सम्पन्न हुने अपेक्षामा रहे पनि कोरोनाका कारण पछाडि सरेको भन्दै उहाँले निर्माण सम्पन्न भई सञ्चालनमा आएको भन्दै सरोकार भएका सबैलाई धन्यवादसमेत दिनुभएको छ ।


## मार्कसिट हराएको सूचना

राजविराजस्थित कंचनपुर रोडबाट गजेन्द्र चौक जाँदै गरेको अवस्थामा मिति २०७७/७/२० गते मेरो निम्न आवश्यक कागजात तथा मार्कसिट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा राजविराजस्थित राजदेवी टेक्निकल ईन्स्टिच्युट प्रा.लि. मा सम्पर्क गर्न अनुरोध छ ।

**नाम : रेखा यादव**
**रजिष्ट्रेसन नं.:AN-1689-73**
**परीक्षा सि.नं. : ३३०९९७**


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोवर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### भारतमा कोरोना संक्रमित ८६ लाख नाघे, ८० लाख ६६ हजार संक्रमणमुक्त

नयाँदिल्ली, २७ कात्तिक (रासस-एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट संक्रमितको संख्या पछिल्लो २४ घण्टामा ४७ हजार ९०५ जना रहेको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । यो सहित भारतमा कूल संक्रमितको संख्या ८६ लाख ८३ हजार पुगेको छ । विगत २४ घण्टाको अवधिमा ५५० जनाको कोरोनाभाइरस संक्रमणबाट मृत्यु भएको छ । भारतमा यो सहित कूल मृत्यु हुनेको संख्या १ लाख २८ हजार १२१ पुगेको छ । कोरोना संक्रमितमध्ये निको हुने दर निकै राम्रो रहेको भारतमा हालसम्म ८० लाख ६६ हजार व्यक्ति संक्रमणमुक्त भएका छन् । भारतमा अझै पनि सक्रिय संक्रमितको संख्या ४ लाख ८९ हजार २९४ रहेको छ । विगत २४ घण्टामा ५ हजार ३६३ जना कोभिड-१९ को संक्रमणबाट मुक्त भएका छन् ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदका अनुसार देशभर १२ करोड २० लाखको हाराहारीमा कोरोनाको नमूना परीक्षण गरिएको छ । केन्द्रीय स्वास्थ्य मन्त्री डा हर्ष वर्द्धनले भारतको कोरोनाभाइरस संक्रमण नियन्त्रण र उपचारमा भारतको ठूलो जनसंख्यालाई ध्यानमा राखेर निकै सक्रियता र सचेतता अपनाइएको बताउनु भएको छ । उहाँले बुधबार महाराष्ट्र, उत्तराखण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, मेघालय र गोवाका मुख्यमन्त्रीहरू, स्वास्थ्य मन्त्रीहरू र प्रमुख सचिवहरूसँग कोरोना रोकथाम, उपचार र नियन्त्रणका बारेमा विचारविमर्श गर्नु भएको छ ।

### बाइडेन र मूनबीच टेलिफोन वार्ता, मिलेर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त

सियोल, २७ कात्तिक (रासस-योनहाप) ।

दक्षिण कोरियाली राष्ट्रपति मून जाए-इन र अमेरिकी राष्ट्रपति-निर्वाचित जो बाइडेनबीच बिहीबार टेलिफोन वार्ता भएको छ । दक्षिण कोरियाको राष्ट्रपति कार्यालय चियोङ वा डाइका अनुसार उक्त वार्ता करिब १४ मिनेट लामो भएको थियो । वार्ताका क्रममा दुवै नेताबीच उत्तर कोरियाली आणविक मामिला सुल्झाउन मिलेर सहकार्य गर्ने बारेमा सहमति भएको थियो । राष्ट्रपति मूनका प्रवक्ता काङ मिन-सियोकका अनुसार राष्ट्रपति-निर्वाचित बाइडेनले हिन्द-प्रशान्त क्षेत्रको सुरक्षा र समृद्धिका सन्दर्भमा दक्षिण कोरिया अत्यन्त महत्वपूर्ण मुलुक रहेको बताउनु भएको थियो ।

त्यस अवसरमा राष्ट्रपति मूनले बाइडेन समक्ष सियोल-वासिङटनबीचको साझेदारीलाई थप समुन्नत बनाउन "निकट संचार सम्पर्क स्थापना" गर्न आग्रह गर्नु भएको थियो । प्रवक्ता काङले दुवै मुलुकबीच लोकतन्त्र र मानव अधिकारको रक्षाका सन्दर्भमा ७० वर्षदेखिको अटुट साझेदारी रहेको स्मरण गरिएको बताउनुभयो । बाइडेनले दक्षिण कोरियासँग अमेरिकाको सुदृढ सुरक्षा निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्नुका साथै उत्तर कोरियाको आणविक मामिलाको समाधानका लागि साझेदारी गर्ने बताउनु भएको थियो । दुवै नेताले विश्वव्यापी रूपमा उत्पन्न कोभिड-१९ र जलवायु परिवर्तन समेतका विषयमा आपसी सहयोगलाई थप विस्तार गर्न सहमति जनाउनु भएको थियो । प्रवक्ता काङका अनुसार बाइडेनले अमेरिकी राष्ट्रपतिको शपथ गरेलगत्तै जतिसक्दो चाँडो भेटघाट गर्न राष्ट्रपति मूनले प्रस्ताव गर्नु भएको थियो । गत साता बाइडेन अमेरिकी राष्ट्रपतिमा निर्वाचित घोषणा भएको अनौपचारिक विवरण सार्वजनिक भएपछि यो उहाँहरूको पहिलो प्रत्यक्ष संवाद हो ।

### रोन क्लाइन बाइडेनका प्रमुख प्रबन्धकमा मनोनित

वासिङटन, २७ कात्तिक (रासस-एपी) ।

संयुक्तराज्य अमेरिकाका राष्ट्रपति-निर्वाचित जो बाइडेनले आफ्नो प्रमुख प्रबन्धक (चिफ अफ स्टाफ) का रूपमा रोन क्लाइनलाई मनोनयन गर्नु भएको छ । अमेरिकी राष्ट्रपति कार्यालय ह्वाइट हाउसको दैनिक कार्यसूची व्यवस्थित गर्ने महत्वपूर्ण जिम्मेवारीमा बाइडेनले लामो समयदेखि सल्लाहकारका रूपमा कार्यरत रोन क्लाइनलाई छनौट गर्नु भएको हो । रोन क्लाइनलाई ह्वाइट हाउसको कार्यव्यवस्था बारे निकै लामो अनुभव छ । क्लाइनले सन् २०१४ मा इबोला सम्बोधन सम्बन्धी ह्वाइट हाउसमा संयोजकको भूमिका पनि निर्वाह गर्नु भएको थियो । तर यसपटक कोरोनाभाइरसको महामारी विश्वव्यापी रूपमा फैलिएको र यसबाट अमेरिका सर्वाधिक प्रभावित रहेको अवस्थामा क्लाइनले ह्वाइट हाउसमा महत्वपूर्ण जिम्मेवारी पाउनु भएको छ । विभक्त अमेरिकी राजनीति र सिनेटमा डेमोक्रेट अल्पमतमा परेको अवस्थामा सबै पक्षबीच सन्तुलन कायम गरी जल्दाबल्दा समस्या सुल्झाउनु पर्ने चुनौती छ ।

बाइडेनले अहिले अमेरिकी समाजमा उत्पन्न संकटको घडीमा क्लाइन जस्ता अनुभवी र क्षमतावान व्यक्तिले सबै पक्षबीच सन्तुलन कायम गरी कार्य गर्न सफलता प्राप्त गर्ने विश्वास गर्नु भएको छ । तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाको पहिलो कार्यकालको समयमा क्लाइनले बाइडेनको प्रमुख प्रबन्धक (चिफ अफ स्टाफ) का रूपमा सेवा गर्नु भएको थियो । सन् १९९० को मध्यतिर तत्कालीन उपराष्ट्रपति अल गोरको पनि उहाँ प्रमुख प्रबन्धक हुनुहुन्थ्यो । पछिल्लो समय बाइडेनको चुनावी अभियानका उहाँ प्रमुख सल्लाहकारमध्ये एक हुनुहुन्थ्यो ।

सन् १९८७ को डेमोक्रेट पार्टीका तर्फबाट राष्ट्रपतीय अभियानको समयदेखि नै बाइडेनसँग निकट रहेर क्लाइनले काम गर्नु भएको छ । क्लाइनको नियुक्तिले बाइडेन प्रशासनले काम थाले लगत्तै कोरोनाभाइरस संक्रमण रोकनेतर्फ प्रमुख रूपमा ध्यान केन्द्रित गर्ने सम्भावना देखाएको छ । क्लाइनलाई जनस्वास्थ्यका साथै ह्वाइट हाउसका लागि इबोला नियन्त्रण टोलीको संयोजक भएर काम गरेको अनुभव छ । उहाँले सन् २००९ मा ओबामा प्रशासनको आर्थिक पुनरुत्थान योजना निर्माण र कार्यान्वयनमा पनि केन्द्रीय भूमिका निर्वाह गर्नु भएको थियो । आफ्नो नियुक्तीको समाचार सार्वजनिक भएलगत्तै क्लाइनले ट्वीट गर्दै राष्ट्रपति-निर्वाचित बाइडेनले आफूमाथि देखाउनुभएको भरोसाका लागि कृतज्ञता व्यक्त गर्नु भएको छ । उक्त पदका लागि स्टिभ रिचेट्टी वा ब्रुस रीडको नाम पनि चर्चामा थियो ।

# आगलागीमा ६ घर जलेर नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, २७ कात्तिक ।** केटाकेटीले पड्काएको पटाकाका कारण आगलागी हुँदा सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ तरहिस्थित मुखिया टोलका ६ घर जलेर नष्ट भएका छन् ।

सो आगलागीमा करिब १४ लाख रुपैंया बराबरको धनमाल जलेर नष्ट भएको ईलाका प्रहरी कार्यालय पातोले जनाएको छ ।

स्थानिय बतही देवी मुखियाको घरबाट सुरु भएको आगो सल्केर राजकुमार मुखिया, रामरुप मुखिया, नरेश मुखिया, राज मुखिया र मुकेश कुमार मुखियाको घर बिहीबार दिउसो जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यलयले जनाएको छ ।

सो आगलागीबाट घरमा रहेको सरसामान विभिन्न खाद्यन्न, लत्ताकपडा, गरगहना लगायत जलेर नष्ट भएको छ । यता आगलागी स्थानीयवासिन्दा र प्रहरीको सहयोगमा नियन्त्रणमा लिएको थियो ।

# सबल नेपालको नयाँ कार्यसमिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, २७ कात्तिक ।** सबल नेपालको १५ औं बार्षिक साधारणबाट पुनः जुना गिरीको अध्यक्षता ९ सदस्यी नयाँ कार्यसमितिको गठन भएको छ ।

अनलाईन तथा स्थलगत कार्यक्रमको माध्यमबाट भएको बन्दसत्रमा सर्वसम्मतबाट जुना गिरीलाई अध्यक्षमा चयन गरिएको हो ।

यस्तै उपाध्यक्षमा भुपेश कुमार साह, सचिवमा शिला कर्ण, सहसचिवमा स्नेहा झा, कोषाध्यक्षमा आयुश श्रेष्ठलाई चयन गरेको छ भने सदस्यहरुमा आशाराम चौधरी, मनिशा कुमारी रजक, शिखा देव र रुहि खातुनलाई चयन भएका छन् ।

यस अघि समुदघाटन कार्यक्रममासबल नेपालका अध्यक्ष जुना गिरीले प्रस्तुत गर्नु भएको बार्षिक प्रगति प्रतिवेदन तथा बार्षिक योजना अनुसार आर्थिक वर्ष २०७७/७८ को लागि १९ करोड ७१ लाख ९४ हजार अनुमानित रकम समेत पारित गरिएको छ ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहेको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# लागुऔषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २७ कात्तिक ।** सप्तरी प्रहरीले लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ ।

राजबिराज नगरपालिका वडा न. ९ रुपनी राजबिराज सडक खण्डको गिता पेट्रोल पम्प नजिक जिल्लाको खडक नगरपालिका वडा नं. २ बस्ने २५ वर्षिय मुकेश कुमार साहलाई प्रहरीले प्रतिबन्धीत लागु औषध नाईट्राभेट १ सय ६५ ट्याबलेट फेला पारेको हो । साहल चलाई ल्याएको स.४प.७२० न. को मोटरसाईकल शंका लागी रोकी चेकजाँच गर्दा ती लागु औषध बरामद भएको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका १ मा राजबिराज नगरपालिका वडा नं ७ निवासी १९ वर्षिय चन्द्रदेव चौधरीलाई प्रहरीले लागुऔषधसहित पक्राउ गरेको छ ।

उनको साथबाट प्रहरीले प्रतिबन्धीत नाईट्राभेट ६० ट्याबलेट लागु औषध फेला पारेको जनाएको छ ।

दुबै जनालाई प्रहरीले लागु औषध मुद्दाको अनुसन्धान पश्चात् सप्तरी जिल्ला अदालतको आदेशले पुर्पक्षको लागी कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# कलङ्कीमा दुर्घटना, तीनको मृत्यु

काठमाडौं, २७ कात्तिक (रासस) । काठमाडौं महानगरपालिका-१४ स्थित कलङ्कीमा बिहीबार बिहान ट्रक दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । अर्का दुई जना घाइते भएका छन् ।

बिहान करिब ३:२५ बजेको समयमा रोकिराखेको बा३ख ७५३० नंको ट्रकलाई बल्खुबाट सीतापाइला जाँदै गरेको कुखुरा बोक्ने बा१ख ८८६५ नंको अर्को ट्रकले ठक्कर दिँदा उक्त घटना भएको हो ।

उक्त घटनामा परी कुखुरा बोक्ने ट्रकमा सवार नुवाकोटका २४ वर्षीय रोशन तामाङ, २७ वर्षीय भूपेन्द्र तामाङ र ३७ वर्षीय माधव घिमिरेको मृत्यु भएको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले जानकारी दिनुभयो ।

दुर्घटनापछि गम्भीर घाइते भएका तीनै जनालाई उपचारका लागि शहीद मेमोरियल अस्पताल कलङ्की लगिएकामा उपचारका क्रममा ४:३० बजे चिकित्सकले मृत घोषणा गरेका थिए ।

उहाँका अनुसार नुवाकोटकै २१ वर्षका रोहन तामाङ र २४ वर्षका विजय तामाङ घाइते भएका छन् । उनीहरूको सोही अस्पतालमा उपचार भइरहेको छ । ट्रक सहचालकले चलाएको जानकारीमा आएकाले घटनाको थप अनुसन्धान भइरहेको प्रहरी वृत्त कालिमाटीका प्रहरी नायब उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो ।

**हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी**

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कताहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np